नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर

मितिः २०७९/११/१८

## प्रेस विज्ञप्ती

**राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्वन्धि मुद्दा उच्च अदालत पाटन, ललितपुरमा मिति २०९७/११/१७ गते दायर गरिएको ।**

**१. अभियुक्तको विवरणः**

क. जिल्ला महोत्तरी बर्दिबास नगरपालिका वडा नं. २ स्थायी ठेगाना भएका ज्ञानेन्द्र गुर्माछाने ।

ख. जिल्ला महोत्तरी बर्दिबास नगरपालिका वडा नं. १३ स्थायी ठेगाना भएका योग मेहर जोशी ।

**२. कसूरको संक्षिप्त विवरणः**

विशेष सूचनाको आधारमा कपडा लगायतका अन्य मालबस्तुहरू भारतबाट विभिन्न नाकाहरू भएर भन्सार चोरी पैठारी गरी काठमाडौंमा ल्याएर इन्द्रचोकमा जम्मा गरेको छ भन्ने सूचना प्राप्त भएको र विभागबाट मिति २०७९/८/२३ गते खटिई गएको टोलीले जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. २४ इन्द्रचोकमा विभिन्न कपडा लगायतका अन्य मालवस्तुहरू १०३ पोका र उक्त कपडा लोड गरेको ना ५ ख ३०६० पिक अप गाडी र उक्त गाडीका चालक **ज्ञानेन्द्र गुर्माछाने**लाई नियन्त्रणमा लिई थप कारबाहीको लागि मिति २०७९/८/२३ गते विभागमा पेश गरेको । नियन्त्रणमा लिई थप अनुसन्धानको लागि यस विभागमा दाखिला हुन आएको उक्त मालवस्तु ज्ञानेन्द्र गुर्माछाने समेतको रोहवरमा भौतिक परीक्षण गर्दा उक्त वरामदीत विभिन्न साडी, कपडा लगायतका अन्य मालबस्तुहरू विना विलविजक भन्सार चोरी पैठारी गरी ल्याएको फेला परेको ।

**३. कायम भएको विगो र सजायको मागदावीः**

निज प्रतिवादीहरूले चोरी पैठारी गरी ल्याएका मालबस्तुहरू राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा २(छ१) अनुसार **रु.१,७१,४१,१०९/- (अक्षरूपी एक करोड एकहत्तर लाख एकचालिस हजार एक सय नौ मात्र)** बिगो कायम गरी सोही ऐनको दफा २३(१) अनुसार बरामदित बिभिन्न कपडाहरू जफत हुन र प्रतिबादीहरूलाई बिगो बमोजिम जरिवाना र पक्राउ प्रतिबादी **ज्ञानेन्द्र गुर्माछानेले** बिना बिल बिजकका मालबस्तु ढुवानी गर्नु हुदैन भन्ने जान्दा जान्दै अबैध मालबस्तु ढुवानी गरेको हुदा निजलाई ऐ. ऐनको दफा ३३ बमोजिम थप **रू.५०,०००/-** जरिवाना र

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग
हरिहरभवन, ललितपुर

थप कैद समेत हुन । साथै राजस्व चुहावट गरी ल्याएको साडी, कपडा लगायतका अन्य मालवस्तुहरु ढुवानी गर्न प्रयोग भएको ना ५ च ३०६० नम्बरको पिकअप धनी योग मेहर जोशी यस विभागको सूचना अनुसार उपस्थित भई आफ्नो संलग्नता/असंलग्नताको सम्बन्धमा स्पष्टिकरण नदिई फरार रहेकोले यस वारदातमा निजको प्रत्यक्ष संलग्नता पुष्टि भएको हुँदा उक्त पिकअप समेत ऐ. ऐनको दफा ३३(३) बमोजिम जफत गर्न ऐ. ऐनको दफा ३२ बमोजिम उक्त ढुवानी साधन र वरामदीत मालबस्तुहरुको नमुना राखी लिलाम गर्न र सोबाट प्राप्त रकम धरौटी खातामा जम्मा गर्ने माग दावी लिई पक्राउ प्रतिबादी सहित सक्कल मिसिल सहित यो अभियोग पत्र पेश गरिएको ब्यहोरा अनुरोध छ । साथै यस वारदातमा पछि कोही कसैको संलग्ना खुल्न आएमा सोही बखत पुरक अभियोजन गरिने ब्यहोरा समेत अनुरोध छ ।
फरार प्रतिबादी **योग मेहर जोशीको** नाममा गोरखापत्र दैनिकमा सूचना जारी गरी उपस्थितिको लागि सूचना प्रकाशित गर्दा निज ब्यक्ति हालसम्म पनि उपस्थित हुन नआएकोले निजको हकमा सम्मानित अदालतबाट नै म्याद जारी गरी कानुन बमोजिम हुन अनुरोध छ ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन २०७६) ऐन, २०५२को दफा २०(२) अनुसारको म्याद भित्रै अभियोगपत्र पेश गरिएको छ। प्रस्तुत मुद्दा सोही ऐनको दफा १८(१) बमोजिम सम्मानित अदालतको क्षेत्राधिकार भित्र पर्दछ ।

प्रस्तुत अभियोग सम्मानित अदालतबाट फैसला भई आए पश्चात अनुसन्धानमा संलग्न कर्मचारीहरुलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २९ बमोजिम पुरस्कार रकम उपलब्ध गराउँन मागदावी लिईएको व्यहोरासमेत सादर अनुरोध छ।

सुचना अधिकारी
राजस्व अनुसन्धान विभाग